**आदरणीय नगर सभाका सदस्यज्यूहरु ,**

लमही नगरपालिकाको यस सम्मानित चौथो नगर सभालाई सम्वोधन गर्न पाउँदा म गौरवान्वित भएको छु ।

नगरपालिकाको तेस्रो नगर सभाले चालु आर्थिक वर्ष ०७५।०७६ को लागि निर्धारण गरेको नीति तथा कार्यक्रम बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयनको दुई तिहाई अवधि गुजारेको हामीलाई अवगत नै छ । मध्य भाग भन्दा अगाडि आइपुग्दा हामिले प्रक्षेपण गरेको लक्ष्य र लक्ष्य प्राप्तीका लागि गरिएको प्रण, प्रयास र प्रयाबाट भएको सार्थक प्राप्ती बिचको संगतीपूर्ण समायोजित विश्लेषणले हामीलाई थप गंभीर र संवेदशिल रहनु पर्ने परिवेश सिर्जना गरेको छ । निर्दिष्ट लक्ष्य र सम्पादीत नतिजा बिचको तादाम्यतालाई आकलन गर्दा हामी यस नगरबासीहरुको मत अभिमतको रुपमा प्राप्त नासोलाई ५ वर्ष पश्चात उच्च समर्पणयुक्त मतको साँवा र व्याज समेतको एक मुष्ट गणना गरी थप खुशी र मापनीय समृद्धि देखिने र महशुस हुने गरि उच्च सम्मान सहित फिर्ता गर्ने गरि अलिखित वन्धनयूक्त नैतिकताको तमसुकमा दस्तखत गरी पदमा वहाली गरेका हामी साझा जनप्रतिनिधिहरुले थप चासो, सक्रियता र तदारुकताका साथ अगाडि बढ्नु पर्ने आवश्यकताको महशुस गरेको छु ।

सम्मानित तेस्रो नगर सभाले पारित गरेको नीति तथा कार्यक्रमहरु, राजस्व प्रशासन, जनशक्ति ब्यवस्थापन, सुशासन र नतिजामुखि योजना कार्यान्वयन गर्दै नगरको दिगो विकासमा सहयोग गरी जन अपेक्षा लाई सम्वोधन गर्ने विषयमा हामि लमही नगरपालिकाका जन प्रतिनिधि तथा कर्मचारीहरुले थप सक्रियता तथा नविन सोचकासाथ एक आपसमा समन्वय र सहकार्य गर्दै लक्ष्य प्राप्तीका लागि रणनैतिक कदम चाल्नु पर्ने आवश्यकता रहेको यस सभालाई जानकारी गराउन चाहन्छु ।

सम्मानित नगर सभाका सदस्य ज्यूहरु

लमही नगरपालिकाको चालु आ.व.२०७५।२०७६ को हालको वित्तीय अवस्थालाई विश्लेशण गर्दा अनुमानित राजस्व लक्ष्यको जम्मा २६ प्रतिशत मात्र राजस्व संकलन भएको छ भने विनियोजित आयोजना तथा कार्यक्रमहरुको चालु खर्च करिव २६ प्रतिशत र पुँजिगत खर्च जम्मा १३ प्रतिशत मात्र भएको स्थीतिमा चालु आ.व.को समाप्तीका लागि करिव ३३ प्रतिशत (४ महिना मात्र ) समय अवधि रहदा हाम्रो लक्ष्य पुरा गर्नका लागि करिव ८५ प्रतिशत काम बाँकी रहेको देखीन्छ । विद्यमान अवस्थामा हामि नगरका जनप्रतिनिधि तथा कर्मचारीहरुले संवेदनशिलका साथ थप सक्रियता र जिम्मेवारी बहन नगर्ने हो भने सो लक्ष्य हासिल गर्न कठिन हुने सम्भावना बढेको देखिन्छ त्यसैले यस सम्मानित सभाका सम्पुर्ण सदस्यज्यूहरुले जिम्मेवारीका साथ कुशलतापूर्बक भूमिका निर्वाह गर्नेका लागि अनुरोध गर्न चाहन्छु ।

विद्यमान स्थानीय सरकारको प्रमुख समस्याको रुपमा कर्मचारी दरवन्दीको अर्थपूर्ण सुनिश्चिता र उपलब्धता नहुनु रहेको छ । संघ, प्रदेशहरुबाट अतिरिक्त कार्यक्रमहरु नगरपालीकाको स्विकृत समय सिमा भन्दा पछि प्राप्त हुनु, आम नगरबासीका आवश्यकता र आकांक्षा बढोत्तरी हुदै जानु, कार्यसम्पादनको सन्दर्भमा आम नागरिक र उपभोक्ता समितिहरु प्रचलित कानून र कार्यविधीका बारेमा जानकार नहुनु र जान्ने चाहाना र सोको परिपालना गर्ने भन्दा न्युनतम समय सिमालाई सहन र स्विकार गर्ने बानीको अभ्यास र विकास हुन सकेको छैन । यसका कारण उत्पन्न गुनासो/उजुरीबाट नियामक निकायहरुको चासो र निगरानी बढदै जाँदा पदीय दायित्वमा रहनु भएका जनप्रतिनिधीहरु र कर्मचारीहरुको मनोविज्ञान सहज तरिकाले कार्यसम्पादन गर्ने पद्दतिलाई क्रमश : लम्वीय प्रकृयागत कार्यसम्पादन पद्धती तिर बढी केन्द्रीत हुन गएको छ ।

कार्यसम्पादन पद्धती आवश्यक वा अनावश्यक तरिकाले लम्वीन जाँदा अन्तत : हामी पदीय दायित्वमा रहेका जनप्रतिनिधीहरु र कर्मचारीहरु प्रति नगरवासीहरुको विश्वास र मूल्य, स्विकारोक्त र स्वामित्वमा क्रमश : ह्रासोन्मुख हुदै जाने खतरा बढदै गएको महशुस गरिएको छ ।